

# स्तन क्यान्सरबाट आफुलाई सुरक्षित राख्नुहोस: सत्यता बुझ्नुहोस्

**क्यान्सर** यस्तो रोगहो जसले हाम्रो शरीरका कोषहरुको बिकाशलाई नियन्त्रण गर्दछ। जब स्तनमा क्यान्सर सुरुहुन्छ त्यसलाई स्तन क्यान्सर भानिन्छा।

**स्तन क्यान्सर क्यालिफोर्नियाका महिलाहरुमा भेटिने क्यान्सर मध्ये** अत्याधिक **साझा** क्यान्सर हो।

**तपाई सित्तैमा स्तन क्यान्सर परीक्षणको लागि योग्य हुन सक्नु हुन्छ, यदि:**

- ✓ तपाईको उमेर ४० वर्ष भन्दा माथिको छ
- ✓ न्युन आयको हुनुहुन्छ।
- ✓ स्वस्थ्य बिमा छैन अथवा सिमित बिमा छ
- ✓ मेडि-क्याल अथवा अन्य सरकार बाट उपलब्ध कार्यक्रम मार्फत यो सेवा पाउनु भएको छैन
- ✓ क्यालिफोर्नियामा बस्नु हुन्छ।

©2014 Department of Health Care Services, Cancer Detection and Treatment Branch, Every Woman Counts Program. All rights reserved.

## स्तन क्यान्सर परिक्षणले जिवन बचाउछ

स्तन क्यान्सर परिक्षण भन्नाले महिलाको स्तन जाच गरेर क्यान्सर सुरुहुन लागेको चाडै नै पत्ता लगाउनु हो, जुनबेलामा यसको सजिलो संग उपचार गर्न सकिन्छ। डाक्टरहरुले  मेमोग्रामका साथै जाच गरेर स्तन क्यान्सर पत्ता लगाउन सक्दछन।

**मेमोग्राम** भनेको स्तनको एक्सरे गर्ने हो। मेमोग्राम समयमै स्तन क्यान्सर पत्ता लगाउने एउटा उत्तम उपाय हो, जसबाट क्यान्सरबाट देखापर्ने समस्याहरु सुरु हुनुभन्दा पहिला नै रोग पत्ता लगाएर सजिलो संग उपचार गर्न सकिन्छ।  .

**स्तन जाँच:** स्वस्थ्य सेवा कर्मीले स्तनमा भएका गिर्खाहरु र अरु परिवर्तन जाँच गर्ने गर्दछन।

आफ्नो स्तनको बारेमा जानकारी राख्नु होला, आफ्नो स्तन हेर्दा र स्पर्स गर्दा कस्तो छ ख्याल राख्नु होला।  स्तनमा कुनै परिबर्तन भएको अनुभब गर्नु भयो भने डाक्टरसग सल्लाह गर्नु होला।

आफ्नो डाक्टर संग सल्लाह गरेर कुन बेला स्तन क्यान्सर परीक्षण गराउने र कुन बेला मेमोग्राम गराउने जानकारी राख्नु होला, मुख्यत अझ तपाई जोखिम मा हुनुहुन्छ भने (जस्तै कि परिवारमा कसैलाइ पहिला स्तन क्यान्सर भएको छ भने)।

**एभ्री वुमेन काउन्ट्स् (Every Woman Counts) कार्यक्रमको लागि योग्य हुनुहुन्छकि भनेर थाहापाउन, १-८००-५११-२३०० अथवा क्यालिफोर्निया रिले लाइन ७११-१-८००-७३५-२९२९ मा सम्पर्क गर्नुहोला।**

**अन्य जानकारीको लागि तलको लिंकमा हेर्नुहोला :**

**http://dhcs.ca.gov/EveryWomenCounts**